लुम्बिनी प्रदेश सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग,वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

सिद्धार्थनगर, रुपन्देही

मितिः २०८०।०९।०१

## तालिम प्रदायक संस्था सूचिकरण गर्ने बारेको सूचना ।

सूचना प्रकाशित मितिः२०८०।०९।०१

यस कार्यालयबाट आ.ब. २०८०।०८१ मा तपसिल बमोजिमका बिषयका व्यवसायिक तथा सिपमुलक तालिमहरु लुम्बिनी प्रदेश सरकार, उद्योग पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, देउखुरी दाङबाट जारी भएको "व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन कार्यविधि,२०८० को दफा १४(१)(ग)" को व्यवस्था बमोजिम दर्तावाल तालिम प्रदायक संस्थासँग परामर्श सेवा खरिद (आउट सोर्सिङ्ग) मार्फत सञ्चालन गर्नुपर्ने भएकोले रुपन्देही जिल्ला भित्रका स्थानीय तहहरुमा उल्लेखित तालिमहरु सञ्चालन गर्न सक्ने,सम्बन्धित निकायबाट सम्बन्धित बिषयको तालिम सञ्चालनका लागि अनुमति प्राप्त गरेका ईच्छुक तालिम प्रदायक संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलका कागजात सहित तालिम प्रदायक संस्थाको रुपमा यस कार्यालयमा निवेदन दिई सूचिकृत हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

तालिमका बिषयहरु:

१.टायल मार्वल फिटर (३९० घण्टा,सीप परीक्षण समेत)
२. जिप्सम ईन्स्टलर (३९० घण्टा,सीप परीक्षण समेत)
३. जनरल कार्पेन्टर (३९० घण्टा,सीप परीक्षण समेत)
४. प्रारम्भिक ज्योतिष (३९० घण्टा,सीप परीक्षण समेत)
५. जुनियर आल्मोनियम फेब्रिकेटर (४०८ घण्टा,सीप परीक्षण समेत)

<u>निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:</u>

क) कम्पनी / फर्मको दर्ताको प्रमाणपत्रको प्रतिलिपि (फर्मको हकमा नविकरण भएको र कम्पनीको हकमा अध्यावधिक भएको प्रमाण समेत) ।

ख) कम्पनी / फर्मको स्थायी लेखा नं. र करचुक्ता प्रमणपत्रको प्रतिलिपि ।

ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट सम्बन्धित बिषयमा तालिम सञ्चानका लागि प्राप्त गरेको अनुमति (सम्बन्धन) पत्रको प्रतिलिपि ।

पुनश्चः

- यहाँ उल्लेख भएका वाहेक अन्य बिषयमा तालिम गर्न सक्ने संस्थाहरुले समेत आफुले संचालन गर्न सक्ने तालिम उल्लेख गरी दरखास्त दिन सकिनेछ ।
- यसै सूचना अनुसार तालिम प्रदायक संस्थाहरुको रोष्टरमा नाम समावेश गरी न्यूनतम भन्दा माथिल्लो योग्यता भएको अनुभवी संस्थालाई प्राथमिकता दिइ सोहि संस्थासँग प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी कार्यक्रम संचालन गरिनेछ ।
- सूचिकृत हुने निवेदन (कार्यविधिको अनुसूची ११ बमोजिम) को ढाँचा यस कार्यालयको वेवसाईट www.csirupandehi.p5.gov.np बाट डाउनलोड गरी भर्न सकिनेछ ।
- थप जानकारीको लागी कार्यालयको फोन नं-०७१५७०२०४ वा ९८५७०४९३७५ (सूचना अधिकारी) ९८५७०१७४९५ (अनन्त पन्थी) मा सम्पर्क गर्न सकिनेछ ।

२०८०।९।१

प्रमुख उद्योग अधिकृत